फोन नं. ०८७४४०१२१

ईमेलःinfo.dckalikot@supremecourt.gov.np

श्री

# कालिकोट जिल्ला अदालत

मान्म, कालिकोट

प्रशासन शाखा

प.सं. २०७८/७९ मिति २०७८/११/११

च.नं. ११८३

विषयः- वेबसाइडमा सूचना प्रकाशन गरिदिनुहुन।

श्री सर्वोच्च अदालत
सूचना तथा प्रविधि महाशाखा
रामशाहपथ,काठमाडौं

उपर्युक्त सम्बन्धमा मेलमिलापकर्तामा सूचीकृत हुन र मेलमिलापकर्ताको सूची अध्यावधिक गर्ने प्रयोजनका लागि ३० (तिस) दिने सूचना प्रकाशन गरिएको व्यहोराको जानकारी सहित उक्त सूचना यसै पत्रसाथ संलग्न राखि पठाईएको छ सो सूचना सम्मानित अदालतको वेबसाइडमा प्रकाशन गरिनदिनुहुन सादर अनुरोध छ।

२०७८/११/११

प्रेमप्रकाश थापा

श्रेस्तेदार(उपसचिव)

बोधार्थः-
उच्च अदालत सुर्खेत,
उच्च अदालत सुर्खेत, जुम्ला इजलास

# सूचना।सूचना। ।सूचना। । ।

## सूचना प्रकाशन मितिः-२०७८/११/११

**विषयः- मेलमिलापकर्तामा सूचीकृत हुन र मेलमिलापकर्ताको सूची अध्याबधिक गर्ने सम्बन्धी ३०(तीस) दिने सूचना,**

यस अदालतमा दर्ता भएका मुद्दाहरुमा मेलमिलापको माध्यामबाट विवाद समाधान गर्नका लागी नयाँ मेलमिलापकर्ताको सूची तयार गर्न र सुचिकृत मेलमिलापकर्ताको सूची अध्यावधिक गर्नका लागी यो ३०(तीस) दिने सूचना प्रकाशित गरिएको छ । मुद्दामा मेलमिलाप गराउने प्रयोजनका लागि तालिम अनुभव, आचरण, निश्पक्षता तथा निष्ठा समेतलाई विचार गरी पूर्व न्यायधीश वा कानून व्यवसायी वा स्थानिय तहका पदाधिककारी वा समाजसेवी वा बहालवाला वा सेवानिवृत सरकारी अधिकृत तथा अन्य कर्मचारी वा प्राविधिक वा शिक्षक वा मेलमिलाप कार्यमा संलग्न रहेका व्यक्ति वा संस्थाहरुको नाम, वतन, पेशा, अनुभव, तालिमको विस्तृत विवरण खुलाई इच्छुक उम्मेदवारले दरखास्त फाराम भर्नुपर्ने छ।

पूनश्चः

- मेलमिलाप सम्वन्धि तालिम नलिएको

-नैतिक पतन देखिने फौजदारी अभियोग लागी सजाय पाएको व्यक्तिको दरखास्त स्वीकृत गरिने छैन।

फोन नं. ०८७४४०१२१
ईमेलः info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

मान्म, कालिकोट

प्रशासन शाखा

प.सं. २०७८/७९

मिति २०७८/११/११

च.नं. ११८५

विषयः- वेबसाइडमा सूचना प्रकाशन गरिदिनुहुन।

श्री सर्वोच्च अदालत
सूचना तथा प्रविधि महाशाखा
रामशाहपथ,काठमाडौं

उपर्युक्त सम्बन्धमा समाजसेवी बालमनोविज्ञ वा बाल विशेषज्ञको नियुक्ति र अध्यावधिक गर्ने सम्बन्धी ७ (सात) दिने सूचना प्रकाशन गरिएको व्यहोराको जानकारी सहित उक्त सूचना यसै पत्रसाथ संलग्न राखि पठाईएकोले सो सूचना सम्मानित अदालतको वेबसाइडमा प्रकाशन गरिनदिनुहुन सादर अनुरोध छ।

प्रेमप्रकाश थापा
श्रेस्तेदार(उपसचिव)

बोधार्थः
उच्च अदालत सुर्खेत,
उच्च अदालत सुर्खेत, जुम्ला इजलास

सूचना । सूचना । सूचना।।।

विषयः- समाजसेवी,बालमनोविज्ञ वा बाल विशेषज्ञको नियुक्ति, अध्यावधिक गर्ने सम्बन्धी ७ दिने सूचना

उपर्यूक्त सम्वन्धमा बाल न्याय (कार्यविधि) नियमावली, २०७६ को परिच्छेद ३ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बालविशेषज्ञ नियूक्ति गर्नु पर्ने भएकाले निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरीकले यो सूचना प्रकाशीत भएको ७(सात) दिन भित्र दरखास्त दिन र पहिलेनै समाजसेवी, बालमनोविज्ञ वा बालविशेषज्ञ को रुपमा दर्ता भएका नागरिकले अध्यावधिक गर्न यो सूचना प्रकाशित गरिएको छ।

**समाजसेवीको योग्यता**

१. मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य बाल विकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको,

२. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

३. माथी जुनसुकै कुरा लेखिएको भए तापनि हिमाली जिल्लामा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको व्यक्ति उपलब्ध हुन नसकेमा कम्तीमा प्रमाणपत्र तह उत्तिर्ण गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको,

**बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता**

१. मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह व सोसरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा बालमनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको,

२. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

३. माथि जुनसुकै कुरा लेखिएको भएतापनि हिमाली जिल्लामा स्नातक तह वा सोसरह उत्तिर्ण गरेको व्यक्ति उपलब्ध हुन नसकेमा कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण गरी बालअधिकार वा मनोविज्ञानका सम्वन्धमा कम्तिमा दुई महिनाको तालीम प्राप्त व्यक्ति,

४. समाजसेवी बालमनोविज्ञ वा बाल विशेषज्ञको पदावधि ४(चार) वर्षको हुनेछ।